(च) शैक्षिक संस्थाहरुमा परियोजना व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने ।

(छ) परियोजना व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन गर्ने ।

(ज) सरकारी/गैरसरकारी/अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको परियोजना व्यवस्थपनहरुकाबिच विचार विमर्श, छलफल, अध्ययन अनुसन्धान, तालिम, प्रकाशन आदिको आदान प्रदान गर्ने, गराउने र परियोजना व्यवस्थापनलाई व्यवसायिकरण गर्ने ।

(झ) परियोजना व्यवस्थापन सम्बन्धी परामर्श तथा तालिम प्रदान गरी उत्कृष्ट परियोजना सञ्चालन गर्ने संस्था तथा व्यक्तिहरुलाई बार्षिक रुपमा पुरस्कृत गर्ने ।

(ञ) परियोजना व्यवस्थापन सम्बन्धी अन्य कार्यक्रम गर्ने, गराउने ।

५. **<u>संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु</u>** :- यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्न वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

(ङ) संस्थाले अन्य व्यक्ति, संस्था तथा निकायसँग संस्थाको आवश्यकता अनुसार करार गर्न सक्नेछ ।

(च) <u>अन्य आवश्यक कुराहरु</u> :-

(१) संस्थाले आफ्नो उद्देश्य परिपूर्तिका लागि कार्य सञ्चालन गर्दा यस विधानमा जुन सुकै कुरा लेखिएको भएतापनि सम्बन्धित निकायको राष्ट्रिय योजना नीति र कार्यक्रम अनुसार प्रचलित कानूनले सामाजिक संस्थाले गर्न नपाउने भनि तोके बाहेकका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायको जिल्ला स्थित सम्बन्धित कार्यालयसँग पूर्व स्वीकृत लिई सञ्चालन गरिने छ ।

(२) संस्थाले आफ्नो उद्देश्य परिपूर्तिका लागि विशिष्ट नाफा रहित तवरबाट कार्य गर्ने छ ।

(३) संस्थाले आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन

(४) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, धितोबन्धक राख्न, बेच बिखन गर्न, ऋण लिन, लगानी गर्न वा आवश्यकता अनुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) संस्थाले व्यक्ति सरह नालिस, उजुर गर्न र संस्था उपर पनि सोही नामबाट नालीस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद-३

# <u>सदस्यता</u>

६. **<u>सदस्यताको वर्गीकरण</u>** :-

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | संस्थापक सदस्य, | (ख) | आजीवन सदस्य, | (ग) | साधारण सदस्य, |
| (घ) | मानार्थ सदस्य, | (ङ) | संस्थागत सदस्य, र | (च) | विद्यार्थी सदस्य । |